आज मिति २०७१।०४।०८ गतेका दिन जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष श्रीमान प्रमुखजिल्ला अधिकारी श्री विजया कुमारीको प्रमुखको संयोज नमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

प्रमुख अतिथि श्री गोरीनाद आचार्य, समन्वय प्रमुख, समन्वय

अध्यक्ष श्री विजया कुमारी प्रसाई जि.प्र.का. जुम्ला

सदस्य श्री राम देवी खड्का उपमेयर, चं.न.पा. जुम्ला

श्री मोतिलाल रोकाया अध्यक्ष तिला गा.पा

श्री नाद प्रसाद चौलागाई अध्यक्ष तातोपानी गा

श्री मिलन बुढथापा प्रशासकीय अ. तातोपानी

श्री रविन थापा, प्रमुख प्र.सेनानी, नादा ब्यारेक गण

श्री भगदिश चौलागाई, रेडक्रस जुम्ला

श्री चित्राङ्गत दाहाल स.प्र. उपरिक्षक

श्री नरेन्द्र चन्द, प्रहरी नायब उपरिक्षक

श्री रामकुमार न्यौपाने रा.अ. जिल्ला का.

श्री टिकाराम खड्का - DKA - Advisor - Mercy corps

श्री बहादुर भण्डारी - केयर नेपाल

श्री केशव राज पन्त - प्रेस नेपाल

श्री महेन्द्र तेग शाही - क्रिडाद/भकारी

श्री प्रमिला रिमाल स.प्र.नि.जि.

श्री नेत्र ब. शाही अध्यक्ष, पत्रकार महासंघ

श्री गणेश ब. अधिकारी, का.प्रमुख, ~~जिल्ला कृ. वि.का~~

निर्णय नं. १

यस जिल्लाको चं.न.पा., तातोपानी गा.पा र तिला गा.पा.का ६२ घर परिवारमा विपदजन्य घटना (आगला-गी र बाढीपहिरो) प्रभावितहरुको लागि निजी आवास पुनर्निर्माण र पुनर्स्थापनाको लागि लाभग्राही कायम गरी अनुदान रकम उपलब्ध गराउन राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मिति २०७५।०२।२२ गतेका दिन तिला गा.पा. वडा नं. ३ मालापानीका प्रेम बहादुर बुढाको च्याट्याङमा परी घटनास्थलमै मृत्यु भएको साथै मिति २०७५।०२।२१ गतेका दिन हिमा गाउपालिकाको वडा नं. १ मा लघु जल विद्युत आयोजनाको भवनमा पहिरो गई एकै घरका २ जनाको मृत्यु भएकोले निजहरुको परिवारलाई नियमानु- सार पाउने राहत रकम उपलब्ध गराउने निर्णय गरियो। साथै क्षतिग्रस्त लघुजलविद्युत आयोजनाको पुनर्निर्माणको लागि प्रदेश सरकार तथा सम्बन्धि[त] निकायमा पठाउने निर्णय गरियो।

निर्णय नं. ३

जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५ लाई सरोकारवाला निकायहरुको राय, सुझाव समावेश गरी अन्तिम रुप दिई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

सिमा गा.पा. २ को चुलेल गाउँमा अविरल वर्षाको कारण ३ (तीन) वटा घरहरु भत्किएका साथै सोही गा.पा.के नरकोटमा आगलागी भै चाउमिन उद्योग लगायत घर ध्वस्त भएकोले रेडक्रस, मर्सीकोर, नकारी लगायतका अन्य संघ संस्थाहरुलाई विपदबाट प्रभावित परिवारको लागि तत्काल खाद्य तथा गैर खाद्य सामाग्री, अस्थायी वासस्थान लगायतका सेवा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५

०७८।०६।२१ गतेदेखि परेको अविरल बेमौसमी वर्षाका कारण तिला र तातोपानी गाउपालिकाका कृषकहरुको धानबालीमा क्षति पुगेकोमा १२१२ जना किसानहरुले राहत उपलब्ध गराउने कार्यविधि २०७८ बमोजिम राहत पाएका तर तातोपानी गा.पा.का केही किसानहरुको विवरण छुट भएको भनी यस जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका हुँदा निजहरुको राहत व्यवस्थाको लागि गृह मन्त्रालय र प्रदेश मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं. ६

विपद् व्यवस्थापन सम्बन्धी आवश्यक सामाग्री किडार्क नेपाल गुल्मीबाट प्राप्त गरेकोमा स. धन्यवाद सहित DEOC मा हस्तान्तरण गर्ने र आवश्यकता अनुसार स्थानीय तहमा समेत परिचालन गर्ने निर्णय गरियो ।